# राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### गँगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या: २०८१/०८२
चलानी नम्बर: ४९८

मिति : २०८१/१०/२७

## किसान सूचिकरण सहजकर्ता माग सम्बन्धि सूचना
(दोस्रो पटक प्रकाशित मिति : २०८१/१०/२७)

यस गाउँपालिकाको आ.व. २०८१/०८२ को स्विकृत वार्षिक शसर्त कार्यक्रम अनुसार किसान सूचिकरण कार्यक्रम संचालन गर्न मिति २०८१/१०/०७ गते प्रथम पटक १५ दिने सूचना प्रकाशन गरिएको तर कुनै पनि आवेदन नपरेको कारण मिति २०८१/१०/२७ गते दोस्रो पटक ७ दिने सूचना प्रकाशन गरिएको छ। उक्त कार्यक्रम संचालन गर्न वडा नं. ६ र ७ का कृषकहरुको घरधुरी तथ्यांक संकलनका लागी ७ जना सहजकर्ता आवश्यक परेकोले **किसान सूचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७** अनुसार सेवा सुविधा प्राप्त गर्ने गरी यस पालिका भित्र बसोबास गर्ने तपशिल अनुसार योग्यता पुगेका व्यक्तिले उल्लेखित कागजात सहित मिति २०८१/११/०३ गते भित्र यस कार्यालयमा आवेदन दिनुहुन सूचित गरिन्छ।

तपशिल :

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | किसान सूचिकरण सहजकर्ता | ७ | कम्तीमा १२ कक्षा उत्तिर्ण गरेका, कम्प्यूटर सम्बन्धि राम्रो ज्ञान तथा स्मार्ट फोन भएका। |

२) छनौटको किसिम : छोटो सूची प्रकाशन, कम्प्यूटर सिप परिक्षण र अन्तरवार्ता
३) उमेरको हद : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको
४) सम्पर्क मिति : २०८१/११/०७ गते कार्यालय समय भित्र
५) पेश गर्नुपर्ने कागजातहरु :
   क) सम्बन्धित वडा कार्यालयको सोही वडा निवासी रहेको सिफारिस पत्र
   ख) नागरिकताको प्रतिलिपि
   ग) २ प्रति पासपोर्ट साइजको फोटो
   घ) आवेदक संग भएको एन्ड्रोइड, स्मार्ट फोन तथा ट्यावलेटको मोडेल
   ङ) शैक्षिक योग्यताको प्रमाण पत्र
६) सेवा सुविधा : किसान सूचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७७ बमोजिम हुनेछ।

***नोट :कार्यक्रम वडा नं. ६ र ७ मा संचालन हुने भएको हुँदा सम्बन्धित वडाका आवेदकलाई पहिलो प्राथमिकता दिईने छ।***

.............................
रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकिय अधिकृत

रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत